# प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५, बुटवल, नेपाल।

# प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६

स्वीकृत मितिः- २०७६/०२/२०

**प्रस्तावनाः**

प्रदेशभित्र रहेका सम्पूर्ण नागरिकहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गर्न, आफ्नो योग्यता अनुसारको रोजगारीको छनोट गर्न, वैदेशिक रोजगारीको बढ्दो निर्भरता कम गर्न, रोजगारीको सिर्जना तथा कामको सम्मान गर्ने संस्कृतिको विकास गर्न, दक्ष जनशक्तिको पलायन रोक्दै रोजगारीको हकको ग्यारेण्टी गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा १७ (२) बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५ ले देहायको कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकार प्रदेश नं. ५ सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "प्रदेश निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

(ङ) "कार्यविधि" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७६ सम्झनु पर्छ।

(च) "कार्यक्रम" भन्नाले यसै कार्यविधि बमोजिमको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सम्झनु पर्छ।

(ज) "रोजगार सूचना केन्द्र" भन्नाले दफा ११ बमोजिमको रोजगारी सूचना केन्द्र सम्झनु पर्छ।

## परिच्छेद - २

## उद्देश्य

**३. कार्यविधिको उद्देश्यः** प्रदेश भित्र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी ढङ्गले संचालन गर्नु।

**४. कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमका उद्देश्य देहाय अनुसार रहेका छन्:

(१) प्रदेशभित्रका सवै नागरिकलाई न्यूनतम रोजगारीको प्रत्याभूति गरी मौलिक हकका रुपमा रहेको रोजगारीको हकको कार्यान्वयन गर्ने।

(२) प्रदेशभित्रका आन्तरिक रोजगारी र उद्यमशीलताको प्रवर्द्धन गरी वैदेशिक रोजगारीको बढ्दो निर्भरतालाई कम गर्ने।

(३) प्रदेशभित्रका कामका लागि पारिश्रमिकमार्फत गरिबी न्यूनीकरण र सामाजिक संरक्षणमा योगदान पुर्याउने ।

(४) प्रदेशभित्रका स्थानीयस्तरमा विकास निर्माण कार्यमार्फत सामाजिक पूँजी निर्माण गरी स्थानीय जनताको जीवनस्तर सुधार गर्न मद्दत पुर्याउने।

## परिच्छेद - ३

## समितिसम्बन्धी व्यवस्था

**५. प्रदेश निर्देशक समितिः** (१) नागरिकको रोजगारीको हक संरक्षणसम्बन्धी कामका लागि नियमावलीको नियम ११ बमोजिम देहायको प्रदेश निर्देशक समिति रहनेछः

| | |
|---|---|
| (क) मन्त्री, सामाजिक विकास मन्त्रालय | अध्यक्ष |
| (ख) सचिव, सामाजिक विकास मन्त्रालय | सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |

(छ) प्रदेश योजना आयोगको श्रम क्षेत्र हेर्ने सदस्य सदस्य

(ज) मन्त्रालयले तोकेको उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य

(झ) श्रम तथा रोजगार क्षेत्रमा काम गरेका कम्तीमा एक जना महिला सहित तीन जना सदस्य

(ञ) मन्त्रालयले तोकेको श्रम तथा रोजगार विज्ञ सदस्य

(ट) उप-सचिव, प्रदेश रोजगार संयोजक, सामाजिक विकास मन्त्रालय सदस्य-सचिव

(२) प्रदेश निर्देशक समितिको सचिवालय सामाजिक विकास मन्त्रालयमा रहनेछ।

**६. प्रदेश निर्देशक समितिको बैठकः** (१) प्रदेश निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) प्रदेश निर्देशक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(३) प्रदेश निर्देशक समितिका सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) प्रदेश निर्देशक समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ।

(५) प्रदेश निर्देशक समितिको बैठकसम्बन्धी अन्य कार्यविधि प्रदेश निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) प्रदेश निर्देशक समितिले गरेको निर्णयको कार्यान्वयन सामाजिक विकास मन्त्रालयले गर्नेछ।

**७. प्रदेश निर्देशक समितिको काम , कर्तव्य र अधिकारः** प्रदेश निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशभित्रको श्रम बजारको माग र विद्यमान जनशक्तिको उपलब्धताको विश्लेषण र प्रक्षेपण गर्ने,

(ख) बेरोजगार व्यक्तिका लागि रोजगार वा स्वरोजगारको व्यवस्था गर्न आवश्यक नीति मस्यौदा गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ग) प्रदेशभित्रको बेरोजगार व्यक्तिको अद्यावधिक अभिलेख तयार गर्न लगाउने,

(घ) बेरोजगार व्यक्तिलाई प्रदान गरिने निर्वाह भत्ताको सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(ङ) प्रदेशभित्र संचालित बेरोजगार सहायता कार्यक्रमको कार्यान्वयनको मूल्याङ्कन गर्ने,

(च) प्रदेशभित्रका सरकारी, निजी तथा गैर सरकारी निकायहरुसँग रोजगार सिर्जनाका लागि आवश्यक समन्वय गर्ने।

## परिच्छेद - ४

## मन्त्रालयको जिम्मेवारी तथा काम

८. **मन्त्रालयको जिम्मेवारी तथा कामः** (१) प्रदेशभित्र प्रदेश सरकारको बजेट कार्यक्रमबाट संचालन हुने यस कार्यक्रमअन्तर्गतका रोजगार आयोजनाहरुको समग्र व्यवस्थापन गर्ने जिम्मेवारी सामाजिक विकास मन्त्रालयको हुनेछ।

(२) मन्त्रालयले यस कार्यक्रमसँग सम्बन्धित देहाय बमोजिमका कार्यहरु गर्नेछः

(क) प्रदेशभित्र आन्तरिक रोजगारीको आवश्यकताको प्रक्षेपण र उपलब्ध जनशक्तिको विश्लेषणका आधारमा प्रादेशिक रोजगार व्यवस्थापन, योजना तर्जुमा कार्यान्वयन गर्ने गराउने,

(ख) प्रदेशका विषयगत मन्त्रालयहरुसँगको समन्वयमा प्रदेशभित्र आन्तरिक रोजगारी सिर्जना गर्न आवश्यक पहल गर्ने,

(ग) प्रदेश सरकारको नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा रोजगारीको सिर्जनालाई प्राथमिकता दिन मन्त्रालयहरूबीच आवश्यक समन्वय गर्ने,

(घ) प्रदेशभित्र सार्वजनिक निर्माण लगायतका प्रदेश सरकारको बजेटमा कार्यान्वयन हुने कार्यक्रममा श्रम प्रधान प्रविधिको प्रयोगलाई प्राथमिकता दिन आवश्यक नीतिगत पहल गर्ने,

(ङ) प्रदेश सरकारका विषयगत मन्त्रालय र मातहतका निर्देशनालय तथा कार्यालयहरूबाट संचालन हुने रोजगार आयोजनाहरुको समन्वय, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(च) अन्य क्षेत्रबाट रोजगारी सिर्जना हुन नसकेका स्थानहरुका लागि र रोजगारीको अवसर प्राप्त नहुने व्यक्तिहरुका लागि यस कार्यक्रमअन्तर्गत कामका लागि पारिश्रमिक ढाँचामा सार्वजनिक निर्माणको कार्यमा छुट्टै रोजगार आयोजनाहरु कार्यान्वयन गर्ने, गराउने,

(छ) स्थानीय तह र रोजगार सेवा केन्द्रसँगको समन्वयमा प्रदेशभरीको बेरोजगार व्यक्तिहरुको अध्यावधिक सूचि र रोजगारदाताको तथ्याङ्कको अभिलेख राख्न रोजगार व्यवस्थापन सूचना प्रणालीको संचालन गर्ने, गराउने।

(ज) प्रदेश तहबाट कार्यान्वयन भएका रोजगार कार्यक्रमको प्रगतिको नियमित समीक्षा तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन वार्षिक रूपमा सार्वजनिक गर्ने,

(झ) प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत अभिमुखीकरण, व्यावसायिक तथा सीपमूलक तालिमको संचालन गर्ने, गराउने,

(ञ) प्रदेशभित्र निजी क्षेत्रको माग बमोजिमको जनशक्ति विकास गरी रोजगारीमा संलग्न गराउन आवश्यक नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ट) यस कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकारलाई आवश्यक समन्वय र सहयोग गर्ने,

(ठ) यस कार्यक्रमको सम्बन्धमा स्थानीय तहहरूलाई आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने।

९. **प्रदेशस्तरीय रोजगार संयोजक र अन्य जनशक्तिः** (१) सामाजिक विकास मन्त्रालयको योजना तथा कार्यक्रम हेर्ने महाशाखा प्रमुख प्रधानमन्त्री रोजगार कार्यक्रमको संयोजक रहनेछ।

(२) रोजगार संयोजकले दफा ८ को उपदफा (२) बमोजिमका कार्यहरु गर्नु, गराउनु पर्नेछ।

(३) मन्त्रालयले यस कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन तयार गर्न आवश्यकता अनुसार प्राविधिक एवम् प्रशासनिक जनशक्ति मन्त्रालयमा भएकै कर्मचारीमध्येबाट जिम्मेवारी तोकेर काममा लगाउन सक्नेछ।

१०. **तालिम संचालन गर्नेः** (१)मन्त्रालयले यो कार्यक्रमअन्तर्गत निजी क्षेत्रमा रोजगारीको माग अनुरूपको जनशक्तिको विकास गर्न आवश्यक सीप तथा क्षमता विकास तालिमहरू संचालन गर्नु, गराउनु पर्नेछ।

(२) यससम्बन्धी अन्य व्यवस्था प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ बमोजिम हुनेछ।

## परिच्छेद - ५

## रोजगार सूचना केन्द्रसम्बन्धी व्यवस्था

**११. रोजगार सूचना केन्द्रः** (१) प्रदेशभित्रको बेरोजगार जनशक्तिको लगत संकलन गर्न, रोजगारदाता, उद्यमी व्यवसायी र प्रतिष्ठानको तथ्याङ्क संकलन गर्न, रोजगारी सचेतना प्रवर्द्धन गर्न मन्त्रालयमा रोजगार सूचना केन्द्र रहनेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि स्थापना गरिएको रोजगार सूचना केन्द्रले देहाय बमोजिमको कार्य गर्नेछः

(क) बेरोजगारको लगत संकलन गरी श्रम बजारमा बेरोजगारको स्थिति पहिचान गर्ने,

(ख) रोजगारीको क्षेत्र र अवसरको खोजी गर्ने,

(ग) श्रम बजारसम्बन्धी सूचनाहरु विद्युतीय माध्यमबाट समेत प्रवाह गरी श्रम बजार सूचनामा सरोकारवालाको पहुँच सरल र सहज तुल्याउने,

(घ) श्रम बजारमा माग र आपूर्तिबीचको अन्तरलाई कम गर्ने,

(ङ) बेरोजगार र रोजगारदाताको विवरण संकलन गर्न रोजगार मेला संचालन गर्ने,

(च) उद्योग प्रतिष्ठानमा रहेका विभिन्न पद र सो पदको कार्य विवरण संकलन गर्ने,

(छ) व्यावसायिक तथा सीप विकास केन्द्रमार्फत विभिन्न व्यावसायिक तथा सीपमूलक तालिम संचालन गर्ने तथा तालिम प्राप्त जनशक्तिको विवरण संकलन र अद्यावधिक गर्ने,

(ज) बेरोजगारको लगत, रोजगारदाता वा उद्योग प्रतिष्ठानको विवरण सम्बन्धी प्रतिवेदन तयार गर्ने।

(झ) रोजगार सिर्जना गर्ने सम्बन्धमा व्यवसायी, ट्रेड युनियन र मन्त्रालयबीच छलफल, अन्तर्क्रिया र गोष्ठी संचालन गर्ने,

(ञ) प्रदेशभित्रका स्थानीय तहहरूमा रहने रोजगार सेवा केन्द्रसँगको निकट समन्वय र सम्पर्कमा प्रदेशभित्रका बेरोजगार, रोजगार व्यक्तिहरुको तथ्याङ्क आधार (डेटावेस) तयार गरी राख्ने।

## परिच्छेद - ६

## विषयगत मन्त्रालय

**१२. विषयगत मन्त्रालयको भूमिकाः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा प्रदेशभित्रका विषयगत मन्त्रालयको भूमिका देहायबमोजिम हुनेछः

(क) प्रत्येक विषयगत मन्त्रालयले आफ्नो मन्त्रालय र अन्तर्गतको बजेट तर्जुमा गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिने,

(ख) आफ्नो मन्त्रालयअन्तर्गतका आयोजनाहरुमा खर्च गर्न विनियोजित बजेटबाट सिर्जना भएको रोजगारीको तथ्याङ्क मन्त्रालयलाई पठाउने,

(ग) मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मागेका सूचना, जानकारी तथा तथ्याङ्क समयमा उपलब्ध गराउने,

(घ) आफू मातहतका निकायलाई प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक निर्देशन दिने,

(ङ) प्रदेशभित्रका सबै विषयगत मन्त्रालयले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक रुपमा समन्वय तथा सहयोग उपलब्ध गराउने।

## परिच्छेद - ७

## विविध

**१३. अनुगमन तथा मूल्याङ्कनः** मन्त्रालयले प्रदेश सरकारका विषयगत मन्त्रालय र मातहतका निर्देशनालय तथा कार्यालयहरुबाट संचालन हुने रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

**१४. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित भएको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।